# सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०८२।१०।२०

**प्रस्तावना:** राजनीतिक दल, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिले निर्वाचन प्रचार प्रसारको अवधिमा प्रयोग गर्ने सवारी साधन र मतदानको दिनमा प्रयोग गर्ने सवारी साधनको अनुमतिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आचारसंहिता" भन्नाले आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०८२ सम्झनु पर्छ।

(ख) "आयुक्त" भन्नाले आयोगको प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(घ) "उपसमिति" भन्नाले आचारसंहिताको दफा २६ को उपदफा (२) बमोजिम गठन भएको उपसमिति सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ सम्झनु पर्छ।

(च) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन वा प्रदेश सभा सदस्य निर्वाचन वा स्थानीय तहको निर्वाचन सम्झनु पर्छ।

(छ) "निर्वाचन अधिकृत" भन्नाले सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ।

## परिच्छेद-२

## सवारी साधनको अनुमति सम्बन्धी व्यवस्था

३. **सवारी साधनको अनुमति सम्बन्धी व्यवस्थाः** (१) आचार संहिताको दफा १४ बमोजिम निर्वाचनको प्रयोजनको लागि राजनीतिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले सवारी साधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निवेदन दिएमा निर्वाचन अधिकृतले देहायको सङ्ख्यामा नबढ्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधनको अनुमतिपत्र जारी गर्नु पर्नेछः-

(क) प्रतिनिधि सभा सदस्य निर्वाचन वा प्रदेश सभा सदस्य निर्वाचनको उम्मेदवारको लागि बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा,

(ख) स्थानीय तहको निर्वाचनको लागि,-

(१) महानगरपालिका तथा उपमहानगरपालिकाका प्रमुख वा उप्रमुखको लागि बढीमा दुई वटा दुईपाङग्रे वा तीनपाङग्रे वा चारपाङग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन,

(२) नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षको लागि एउटा दुईपाङग्रे वा तीनपाङग्रे वा चारपाङग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन,

(३) महानगरपालिका तथा उपमहानगरपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी एउटा दुईपाङग्रे वा तीनपाङग्रे वा चारपाङग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन,

(४) नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी एउटा दुईपाङग्रे सवारी साधन,

(५) विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने सवारी साधन नचल्ने गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा

उपप्रमुखका लागि दुई वटा घोडा र वडा अध्यक्ष वा वडा सदस्यको लागि एउटा घोडा।

(३) उपदफा (२) बमोजिम जारी गरिएको सवारी साधनको अनुमतिपत्रको अभिलेख सम्बन्धित निर्वाचन अधिकृतले राख्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम अनुमतिपत्र दिँदा त्यस्तो सवारी साधन मौन अवधिमा प्रयोग गर्न नपाइने कुरा समेत जानकारी गराउनु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "मौन अवधि" भन्नाले मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टा अघि देखि मतदान सम्पन्न नभएसम्मको अवधि सम्झनु पर्छ।

(५) उपदफा (१) र (२) बमोजिम अनुमतिपत्र नलिई कुनै उम्मेदवारले सवारी साधन प्रयोग गरेमा वा अनुमतिपत्र दिइएको सवारी साधन मौन अवधिमा प्रयोग गरेमा त्यस्तो सवारी साधन कब्जा गरी निर्वाचन समाप्त भएपछि मात्र सम्बन्धित उम्मेदवारलाई फिर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ।

(६) यस दफा विपरीत सवारी साधन प्रयोग भए नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गरी त्यसरी सवारी साधन प्रयोग भएको पाइएमा उपदफा (५) बमोजिम कब्जामा लिन जिल्ला आचारसंहिता अनुगमन समितिले स्थानीय प्रशासनलाई निर्देशन दिनु पर्नेछ।

## परिच्छेद-३
## मतदानको दिनको सवारी आवागमन सम्बन्धी व्यवस्था

४. **अनुमति नलिई सवारी साधन चलाउन नपाइने:** (१) यस कार्यविधि बमोजिम अनुमति पाएका सवारी साधन र दफा ११ बमोजिमका सवारी साधन बाहेक मतदानको दिन कुनै पनि प्रकारका सवारी साधन प्रयोग गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हवाई उडानको हकमा यो व्यवस्था लागू हुने छैन।

५. **अनुमति दिन सकिने:** (१) मतदानको दिन देहायका व्यक्ति, निकाय तथा पदाधिकारीलाई सवारी साधन प्रयोग गर्न अनुमति दिन सकिनेछः-

(क) उम्मेदवार,

(ख) सुरक्षाकर्मी,

(ग) संवैधानिक निकाय र पदाधिकारी,

(घ) राष्ट्रिय सूचना आयोग,

(ङ)   पर्यवेक्षक,

(च)   कूटनीतिक नियोग,

(छ)   संयुक्त राष्ट्र संघका नियोग,

(ज)   सञ्चार माध्यम,

(झ)   हवाई उडान, अध्यागमन तथा भन्सारसँग सम्बन्धित कार्यालय,

(ञ)   विदेशी पर्यटक,

(ट)   अवलोकनकर्ता,

(ठ)   अनुगमनकर्ता,

(ड)   साझेदार निकाय,

(ढ)   अन्तर्राष्ट्रिय संघ संस्था,

(ण)   विशिष्ट अतिथि,

(त)   आयोगले तोकेका अन्य निकाय, पदाधिकारी तथा व्यक्ति ।

६. **<u>अनुमति माग गर्नु पर्ने:</u>** (१) उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन चलाउनको लागि उम्मेदवार परिचयपत्रको प्रतिलिपि संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उम्मेदवार बाहेक दफा ५ बमोजिमका अन्य निकाय, संस्था वा पदाधिकारीले सम्बन्धित निकाय वा संस्थाको आधिकारिक पत्रमा मतदानको दिन चलाउनु पर्ने सवारी साधन नम्बर, सवारी साधनको किसिम, सवारी साधन प्रयोगकर्ताको नाम समेत उल्लेख गरी अनुसूची-४ बमोजिमको सिफारिस दिने अधिकारीको सिफारिसलाई समेत सोही पत्रमा संलग्न गरी अनुसूची-४ बमोजिमको सवारी साधनको अनुमतिपत्र जारी गर्ने निकाय वा अधिकारी समक्ष मतदान हुने दिन भन्दा दुई दिन अगाडि नै पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट जारी गरिने अनुमतिपत्रको लागि दफा १२ बमोजिम आयोगको परिसरमा स्थापना गरिएको एकीकृत सवारी साधन आवागमन डेस्कमा पेश गर्नु पर्नेछ।

तर काठमाडौं जिल्ला बाहेक अन्य जिल्लाका प्रमुख जिल्ला अधिकारीले जारी गरिने सवारी साधन चलाउने अनुमतिपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयको समन्वयमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिनेछ ।

७. **<u>अनुमतिपत्र दिने:</u>** (१) दफा ६ बमोजिम अनुमतिपत्रको लागि निवेदन परेमा सम्बन्धित निकाय वा अधिकारीले अनुसूची-४ बमोजिमको सङ्ख्यामा नबढ्ने गरी अनुमतिपत्र जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा आयोग र निर्वाचन कार्यमा खटिएका सुरक्षाकर्मीलाई भारी सवारी साधन सञ्चालनको अनुमति दिन सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नम्बर प्लेट भएको सवारी साधन प्रयोग गर्न अनुमति दिइने छैन।

८. **<u>अनुमतिपत्र जारी गर्ने निकाय वा अधिकारीः</u>** (१) यस कार्यविधि बमोजिम मतदानको दिन सवारी साधन प्रयोग गर्ने अनुमति अनुसूची-५ बमोजिम आयोग वा अनुसूची-६ बमोजिमको सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले दिनेछ।

(२) आयोगले अनुमति पत्रको सिफारिस गर्ने वा अनुमति दिने सवारी अनुमतिपत्रमा हस्ताक्षर गर्न अधिकृतस्तरको कर्मचारी तोक्नेछ।

(३) मानवीय उद्दार तथा सहायतामा प्रयोग गरिने सवारी साधनको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको अनुमति लिई सवारी साधन प्रयोग गर्न सकिनेछ।

(४) कामको प्रकृति हेरी आयोग वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले एक भन्दा बढी जिल्लाका लागि सवारी साधन प्रयोग गर्ने गरी अनुमतिपत्र जारी गर्न सक्नेछ।

९. **<u>विमानस्थल आवत जावत गर्ने व्यवस्था मिलाउनेः</u>** हवाई यात्रुहरूको हकमा पासपोर्ट, भिसा र हवाई टिकटका आधारमा विमानस्थलसम्म र विमानस्थलबाट यात्रुको बासस्थानसम्मको आवागमनको सहजीकरण सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले मिलाउनु पर्नेछ।

१०. **<u>सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्नेः</u>** यस कार्यविधि बमोजिम जारी गरिएको अनुमतिपत्र बमोजिमको सवारी साधन सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्नेछ।

११. **<u>अनुमतिपत्र लिनु नपर्नेः</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दुध ढुवानी गर्ने सवारी, दमकल, दूरसञ्चार सेवा, शव बाहन, अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी साधनको हकमा सवारी अनुमतिपत्र लिनु पर्ने छैन।

## परिच्छेद-४
## <u>विविध</u>

१२. **<u>एकीकृत सेवा प्रदान गर्न सक्नेः</u>** (१) काठमाडौं उपत्यका भित्रका जिल्ला प्रशासन कार्यालयबाट जारी गरिने सवारी साधनको अनुमतिपत्र समेत एकीकृत रुपमा आयोग परिसरमा एकीकृत सवारी साधन आवागमन डेस्क स्थापना गरी सेवा उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकृत सेवा प्रदान गर्ने प्रयोजनको लागि गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट एक जना अधिकृतस्तरका कर्मचारीलाई बढीमा सात दिनको लागि आयोगमा काजमा ल्याई आयोगमा सवारी आवागमन व्यवस्थापन डेक्स स्थापना गर्न सकिनेछ।

१३. **सवारी साधन अनुमतिपत्र व्यवस्थापन समितिः** (१) मतदानको दिनको लागि दिइने सवारी अवागमनको अनुमतिपत्र सम्बन्धी कार्यमा सहजीकरण गर्न तथा सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनका लागि तथा आयोगमा देहाय बमोजिमको सवारी साधन अनुमतिपत्र व्यवस्थापन समिति रहनेछः-

(क) सहसचिव, प्रशासन महाशाखा, आयोग -संयोजक

(ख) प्रतिनिधि (अधिकृतस्तर), गृह मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर), सूचना तथा प्रसारण विभाग -सदस्य

(घ) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, आयोग -सदस्य

(ङ) शाखा अधिकृत, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, आयोग -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले यस कार्यविधि बमोजिम सवारी साधनको प्रयोगको सम्बन्धमा अनुगमन गर्ने, सो सम्बन्धमा परेका उजुरीको छानबिन गर्दा आचारसंहिता उल्लङ्घन भएको पाइएमा आचारसंहिताको दफा २६ को उपदफा (२) बमोजिमको उपसमिति समक्ष पेश गर्ने लगायत यस कार्यविधि बमोजिम सवारी साधन अनुमतिपत्र व्यवस्थापन सम्बन्धमा परेका अन्य कार्य समेत गर्नेछ।

१४. **सवारी साधन कब्जामा लिनेः** मतदानको दिन कसैले यो कार्यविधि विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई मतदानको काम सम्पन्न भए पछि मात्र फिर्ता दिनु पर्नेछ ।

१५. **आयोगले निर्धारण गरे बमोजिम हुनेः** मतदानको दिन सवारी साधन प्रयोग गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएका अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री निर्वाचन अधिकृत,

निर्वाचन अधिकृतको कार्यालय,

...................................... .......................................।

**विषयः निर्वाचन प्रचार-प्रसारको लागि सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ।**

.................. निर्वाचन २०.... मा ........... जिल्लाको .............. क्षेत्र नं. .... प्रतिनिधि सभा सदस्य निर्वाचन/प्रदेश सभा सदस्य निर्वाचन/स्थानीय तहको .............. पदमा ............................... (उम्मेदवारको नाम) ........................... राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार भएकोले निर्वाचनको प्रचार-प्रसारको लागि देहायको विवरण अनुसारको सवारी साधन प्रयोग गर्न अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु।

**सवारी साधनको विवरण**

| क्र.सं. | सवारी साधनको किसिम र सङ्ख्या | सवारी साधनको रङ् | सवारी साधनको नम्बर | सवारी साधनको धनीको नाम |
|---|---|---|---|---|
| १. | जप/कार/भ्यान/टेम्पु थानः | | | |
| २. | मोटरसाइकल थानः | | | |
| ३. | घोडा सङ्ख्याः | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नामः ..................

उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः .................

दस्तखतः ..................................

राजनीतिक दल....................../स्वतन्त्र उम्मेदवार

मितिः ............

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

**निर्वाचन अधिकृतको कार्यालय**

......................................

..............................

**<u>सवारी साधनको अनुमतिपत्र</u>**

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नाम, थरः .....................

उम्मेदवारको वतनः ..................................

उम्मेदवारको राजनीतिक दलको नामः ................./स्वतन्त्र उम्मेदवार

सवारी साधनको किसिमः ....................

जीप/कार/भ्यान/टेम्पु/मोटरसाइकलको हकमा सवारी साधनको दर्ता नं.................

घोडाको हकमा रङः ...................

सवारी साधन धनीको नाम, थरः ................................

सवारी साधन धनीको वतनः ....................................

सवारी साधन दर्ता भएको प्रदेशः ..................

अनुमतिपत्र बहाल रहने अवधिः .......................देखि ............ सम्म।

सवारी साधन प्रयोग गर्न पाइने स्थानः ..............................

कार्यालयको छाप

निर्वाचन अधिकृतको,—

दस्तखतः

नामः

मितिः

<u>द्रष्टव्यः</u>

(१) प्रस्तुत अनुमतिपत्र बमोजिमको सवारी साधन जुन स्थानमा प्रयोग गर्न अनुमति दिइएको हो सो क्षेत्रमा मात्र प्रयोग गर्नु पर्नेछ।

(२) प्रस्तुत अनुमतिपत्रको आधारमा मौन अवधि (मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टा अघि देखि मतदान सम्पन्न नभएसम्म) मा सो सवारी साधन प्रयोग गर्न पाइने छैन।

(३) अनुगमतिपत्रमा उल्लेख भएको स्थान बाहेकको स्थानमा सवारी साधन प्रयोग गरेको वा मौन अवधिमा सो सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षाकर्मी वा सुरक्षा निकायले त्यस्तो सवारी साधन कब्जामा लिई निर्वाचन सम्पन्न भए पछि मात्र फिर्ता दिनेछ।

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

<u>उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा</u>

श्री जिल्ला प्रशासन कार्यालय

.......................

मार्फत

श्री मुख्य निर्वाचन अधिकृतज्यू/निर्वाचन अधिकृतज्यू,

.........................

<u>विषयः मतदानको दिन सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ</u> ।

.................... निर्वाचन २०..... मा ............ जिल्लाको ............... क्षेत्र नं. .... प्रतिनिधि सभा सदस्य निर्वाचन/प्रदेश सभा सदस्य निर्वाचन/स्थानीय तहको ............... पदमा ................................ राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार भएकोले मतदानको दिन देहाय बमोजिमको सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

सवारी साधनको विवरण

| सवारी साधनको किसिम | सवारी साधनको रङ् | सवारी साधनको नम्बर | सवारी धनीको नाम | सवारी चालकको नाम |
|---|---|---|---|---|
| | | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नामः ...................

निवेदन दिने उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः ...............................

सवारी साधन प्रयोग गर्ने स्थानः .....................

दस्तखतः

राजनीतिक दल ................../स्वतन्त्र उम्मेदवार मितिः .........................

<u>मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालयबाट</u>

सिफारिसकर्ताको

दस्तखतः

नामः

पदः

मितिः कार्यालयको छाप

अनुसूची-४

(दफा ६ को उपदफा (२), दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि सिफारिस गर्ने तथा अनुमतिपत्र दिने अधिकारी र सवारीको सङ्ख्या</u>**

<table>
<tr><th>क्र. सं.</th><th colspan="2">सवारी साधन प्रयोगकर्ता</th><th>सिफारिस गर्ने निकाय</th><th colspan="2">संख्या</th><th>अनुमति दिने निकाय</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td colspan="2">उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि</td><td></td><td colspan="2">चार, तीन वा दुई पाङ्ग्रे मध्ये १ वटा मात्र</td><td>सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी</td><td></td></tr>
<tr><td>२</td><td colspan="2">सुरक्षाकर्मी</td><td></td><td colspan="2">आवश्यकता अनुसार</td><td>सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी</td><td></td></tr>
<tr><td>३</td><td colspan="2">राष्ट्रिय पर्यवेक्षक (उपत्यकाभित्र)</td><td>आयोग</td><td colspan="2">प्रत्येक संस्थाका लागि बढीमा चार, तीन वा दुई पाङ्ग्रे मध्ये ५ वटा मात्र</td><td>प्रमुख जिल्ला अधिकारी, काठमाडौं</td><td></td></tr>
<tr><td rowspan="3">४</td><td rowspan="3">राष्ट्रिय पर्यवेक्षक (उपत्यका बाहिर)</td><td>हिमाली जिल्ला</td><td rowspan="3">मुख्य निर्वाचन अधिकृतको समन्वयमा निर्वाचन अधिकारी</td><td>दुई पाङ्ग्रे १</td><td>हलुका सवारी १</td><td rowspan="3">सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी</td><td rowspan="3"></td></tr>
<tr><td>पहाडी जिल्ला</td><td>दुई पाङ्ग्रे २</td><td>हलुका सवारी २</td></tr>
<tr><td>तराईका जिल्ला</td><td>दुई पाङ्ग्रे ५</td><td>हलुका सवारी ३</td></tr>
<tr><td>५</td><td colspan="2">संवैधानिक आयोगहरु</td><td>सम्वन्धित संवैधानिक आयोग</td><td colspan="2">आवश्यकता अनुसार</td><td>आयोग</td><td></td></tr>
<tr><td>६</td><td colspan="2">संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरू</td><td>निर्वाचन अधिकारी</td><td colspan="2">आवश्यकता अनुसार</td><td>सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी</td><td></td></tr>
<tr><td>७</td><td colspan="2">कूटनीतिक नियोगका कूटनीतिक अवलोकनकर्ता</td><td></td><td colspan="2">आवश्यकता अनुसार</td><td>आयोग</td><td></td></tr>
<tr><td>८</td><td colspan="2">आयोगबाट आमन्त्रित विशिष्ट अतिथिहरू</td><td></td><td colspan="2">आवश्यकता अनुसार</td><td>आयोग</td><td></td></tr>
<tr><td>९</td><td colspan="2">कुटनैतिक निकायका नियमित कार्यालय प्रयोजन</td><td>परराष्ट्र मन्त्रालय</td><td colspan="2">आवश्यकता अनुसार</td><td>प्रमुख जिल्ला अधिकारी, काठमाडौं</td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | संयुक्त राष्ट्र संघका नियोगहरु | | परराष्ट्र मन्त्रालय | आवश्यकता अनुसार | आयोग | |
| ११ | उपत्यकाभित्रका सञ्चार माध्यम | Board Sheet का दैनिक पत्रिका | सूचना तथा प्रसारण विभाग | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि बढीमा ५ र समाचार सङ्कलनका लागि बढीमा २० गरी बढीमा २५ वटासम्म | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| | | दैनिक पत्रिका | | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि बढीमा ५ र समाचार संकलनका लागि बढीमा १० गरि बढिमा १५ वटासम्म | | |
| | | साप्ताहिक पत्रिका | | प्रत्येक संस्थालाई बढीमा ३ वटासम्म | | |
| | | टेलिभिजन (क्यामेरा संख्याका आधारमा) | | प्रत्येक संस्थालाई बढीमा १० वटासम्म | | |
| | | रेडियो/एफ. एम. | | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि १ र समाचार संकलनका लागि बढीमा ७ वटासम्म | | |
| | | अनलाइन समाचार | | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि २ र समाचार संकलनका लागि बढीमा ५ वटासम्म | | |
| | | फोटो पत्रकार | | प्रत्येक संस्थालाई बढीमा ५ वटासम्म | | |
| | | रा.स.स. | | बढीमा ५ वटासम्म | | |
| | | टेलिभिजन प्रशारण संस्था | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | बढीमा २ वटासम्म | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रेस काउन्सिल नेपाल | | बढीमा ५ वटासम्म | | |
| १२ | उपत्यकाबाहिरका सञ्चार माध्यम | | सूचना तथा प्रसारण विभागले तोकेको स्थानीय सञ्चार गृह वा जिल्लास्थित पत्रकार महासंघको कार्यालय | प्रत्येक संस्थालाई बढीमा ५ वटासम्म | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| १३ | अन्तर्राष्ट्रिय सञ्चार माध्यम | | सूचना तथा प्रसारण विभाग | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १४ | उडानसँग सम्बन्धित कार्यालय प्रयोजन | | नागरिक उड्डयन प्राधिकरण | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १५ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय प्रयोजन | | अध्यागमन विभाग | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १६ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय प्रयोजन | | भन्सार विभाग | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी काठमाडौं | |
| १७ | पर्यटक (विमानस्थल -होटल-विमानस्थल) | | नेपाल पर्यटन वोर्ड | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १८ | निर्वाचन कार्यालय | | निर्वाचन अधिकारी | प्रत्येक कार्यालयलाई २ वटा | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| १९ | आयोगले खटाएका अनुगमनकर्ता | | | आवश्यकता अनुसार | आयोग | |
| २० | साझेदार निकायहरु (UNDP/ESP, IFES) | | | आवश्यकता अनुसार | आयोग | |
| २१ | अन्तराष्ट्रिय संघ संस्थाहरु | | | आवश्यकता अनुसार | आयोग | |

**द्रष्टव्यः आवश्यकता र औचित्यताका आधारमा सम्बन्धित निकायको सिफारिशमा आयोगले सवारी साधन आवागमन अनुमति दिन सक्नेछ।**

अनुसूची-५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

............................... सदस्य निर्वाचन, २०......

मिति ...........................

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः ...............................................................................

२. सवारी साधनको किसिम र नम्बरः .......................................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्तिः ......................................................................

४. सवारीमा यात्रा गर्नेको सङ्ख्याः ..........................................................................

५. सवारी चलाउन अनुमति प्राप्त जिल्लाः ..................................................................

६. सवारी चालकको नामः.......................................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- .............................

पदः ..............................

कार्यालयको छापः

**नोटः**

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनकोदुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

अनुसूची-६

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय ..............**

## .................. सदस्य निर्वाचन, २०... .... ... गते ......बार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः .......................................................................

२. सवारी साधनको किसिम र नम्बरः ...............................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्तिः ...................................................................

४. सवारीमा यात्रा गर्नेको सङ्ख्याः ......................................................................

५. सवारी चलाउन अनुमति प्राप्त जिल्लाः ..........................................................

६. सवारी चालकको नामः.......................................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- .............................

पदः ..............................

कार्यालयको छापः

**नोटः**

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरू राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।